# स्थानीय राजपत्र

स्थानीय सरकार सोलुदुधकुण्ड नगरपालिका, सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ९ | संख्या १ | २०८२ मंसिर २८ गते

## भाग २

## स्थानीय सरकार

# सोलुदुधकुण्ड नगरपालिका

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०६/२७

# सोलुदुधकुण्ड नगरपालिकाको सामुदायिक विद्यालयहरूमा अतिरिक्त कक्षा सञ्चालन मापदण्ड २०८२

# सोलुदुधकुण्ड नगरपालिकाको सामुदायिक विद्यालयहरूमा अतिरिक्त कक्षा सञ्चालन मापदण्ड-२०८२

कार्यापालिकाबाट स्वीकृत मिति २०८२/०६/२७

**प्रस्तावनाः**

शैक्षिक संस्थालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र शैक्षिक सुधारको अभियानलाई सार्थकता प्रदान गर्न, सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि तथा सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीको परीक्षामा सिकाइ उपलव्धी वृद्धि गर्न नगरपालिकाबाट प्रदान गरिने अतिरिक्त कक्षालाई व्यवस्थित गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) तथा सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (प्रथम शंसोधन २०८०) ऐन, २०७५ को दफा ५४ ले प्रदान गरेको अधिकार प्रयोग गरि नगरकार्यपालिकाले यो सोलुदुधकुण्ड नगरपालिकाको अतिरिक्त कक्षा सम्बन्धी मापदण्ड, २०८२ निर्माण गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस मापदण्डको नाम **"सोलुदुधकुण्ड नगरपालिकाको सामुदायिक विद्यालयहरूमा अतिरिक्त कक्षा सञ्चालन मापदण्ड-२०८२"** रहेको छ ।

१.२ यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात मात्र लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) **"मापदण्ड"** भन्नाले " सोलुदुधकुण्ड नगरपालिकाका सामुदायिक विद्यालयहरूमा अतिरिक्त कक्षा सञ्चालन मापदण्ड-२०८२" लाई सम्झनुपर्छ ।

ख) **"नगरपालिका"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकालाई सम्झनुपर्छ ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

ग) **"सामुदायिक विद्यालय"** भन्नाले शिक्षा ऐन तथा नियमावली तथा सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (प्रथम शंसोधन २०८०)ऐन, २०७५ ले निर्दिष्ट गरे बमोजिमका यस नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

घ) **"विद्यार्थी"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १० का विद्यार्थी सम्झनु पर्दछ ।

ङ) **"अतिरिक्त कक्षा"** भन्नाले एस.ई.ई.मा उत्कृष्ट नतिजा प्राप्त गर्नका लागि नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुले विद्यार्थीलाई विद्यालयको नियमित पठनपाठनबाहेक **अतिरिक्त समयमा** विद्यार्थीहरूलाई प्रदान गरिने शिक्षण, निर्देशन वा मार्गदर्शनलाई सम्झनुपर्छ ।

## परिच्छेद - २ (दुई)

## अवधारणा तथा उद्देश्य

**३) मापदण्डको अवधारणाः (क)** नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक वातावरणमा सुधार गरि शैक्षिक गुणस्तरमा सुधार ल्याउनका साथै एस.ई.ई.(कक्षा १०) मा उत्कृष्ट नतिजा हासिल गर्न विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्नु यस मापदण्डको अवधारणा रहेको छ ।

**४) मापदण्डको उद्देश्यः** यस मापदण्डका उद्धेश्य देहाय अनुसार रहेका छन् ।

(क) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका विद्यार्थीहरूको एस.ई.ई. (कक्षा १०) परीक्षाको तयारीलाई थप प्रभावकारी बनाउनु ।

(ख) शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।

(ग) नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुको एस.ई.ई. (कक्षा १०) को उत्तीर्ण प्रतिशतमा वृद्धि गर्नु।

(घ) अतिरिक्त कक्षा सञ्चालनको नाममा हुने अनावश्यक शुल्क नियन्त्रण गर्नु र गुणस्तरीयता सुनिश्चित गर्नु ।

## परिच्छेद - ३ (तीन)

## अतिरिक्त कक्षाको मापदण्ड

**५.अतिरिक्त कक्षा तोकिएको मापदण्ड अनुरुप सञ्चालन हुनुपर्ने**

(क) अतिरिक्त कक्षा सञ्चालन गर्न चाहने विद्यालयले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन सहित **लिखित प्रस्ताव** पेस गर्नुपर्नेछ।

(ख) लिखित प्रस्ताव अनुसूचि १ को ढाचाँ बमोजिम हुनुपर्नेछ ।

(ग) अतिरिक्त कक्षा **विद्यालय समयभन्दा अघि वा पछि** मात्र सञ्चालन गर्नुपर्नेछ।

(घ) मापदण्ड अनुरुप भएको खर्च वमोजिमको विल, भरपाइ र त्यसको विवरण अतिरिक्त कक्षा समाप्तथ भएको १५ दिनभित्र प्रतिवेदन सहित नगरपालिकको शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउनुपर्नेछ ।

(ङ) अतिरिक्त कक्षा लिने शिक्षक **सम्बन्धित विषयमा कम्तीमा स्नातक** उत्तीर्ण वा **सम्बन्धित विषयको स्थायी/अस्थायी शिक्षक** /राहात/करार/निजि/अनुदान (विद्यालयको नियमित शिक्षक) हुनुपर्नेछ ।

(च) यदि विद्यालयमा सम्वन्धित तहमा कार्यरत विषय शिक्षक उपलव्ध हुन नसकेमा माध्यमिक तहका लागि तोकिएको योग्यता प्राप्त वा माध्यमिक तहको स्थायी अध्यापन अनुमति प्राप्त प्रशिक्षकबाट अतिरिक्त कक्षा सञ्चालन गर्न सकिनेछ।

(छ) **विद्यालयमा कार्यरत विषयगत शिक्षकले** आफ्नो विद्यार्थीलाई अतिरिक्त कक्षा सञ्चालन गराए वापत **अतिरिक्त मासिक पारिश्रमिक** (नगरपालिकाको मापदण्ड तथा सम्झौता बमोजिम) प्राप्त गर्न सकिनेछ ।

(ज) अतिरिक्त कक्षामा अध्यापन गर्नुपर्ने विषय **नेपाल सरकारले तोकेको राष्ट्रिय पाठ्यक्रममा** आधारित हुनुपर्नेछ ।

(झ) विशिष्टिकरण तालिका बमोजिम प्रश्नपत्र निर्माण गरी अभ्यास गर्नु गराउनु पर्नेछ ।

(ञ) नगरपालिकाभित्रका अनुदान प्राप्त सामुदायिक माध्यमिक विद्यालयहरुको एस.ई.ई को (अनिवार्य) उत्तीर्ण प्रतिशत ७० प्रतिशत भन्दा माथि हुनुपर्नेछ ।

उपदफा (ञ) मा व्यवस्था भए बमोजिम उतीर्ण प्रतिशत प्राप्त गर्न नसकेका सामुदायिक माध्यमिक विद्यालयलाई आगामी शैक्षिक सत्रको एस.ई.ई परीक्षा तयारीका लागि यस नगरपालिकाले दिने अनुदानको सम्वन्धमा नगरशिक्षा समितिले गरेको निर्णय बमोजिम हुनेछ ।

(ट) **विज्ञान र गणित** जस्ता विषयमा **प्रयोगात्मक अभ्यास** लाई प्राथमिकता दिनुपर्नेछ ।

(ठ) अतिरिक्त कक्षाका लागि **अन्य शैक्षिक सामग्री** (नोट्स, प्रश्नपत्र सेट) को व्यवस्था हुनुपर्नेछ ।

(ड) नगरपालिकाको शिक्षा युवा तथा खेलंकुद शाखा, नगर शिक्षा समिति,सम्वन्धित वडाको वडा शिक्षा समिति र सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले अतिरिक्त **कक्षाको गुणस्तर, उपस्थिति र नियमित कक्षा सञ्चालनको अनुगमन** गर्नेछ ।

(ढ) अतिरिक्त कक्षाको गुणस्तरको मूल्याङ्कन गर्न कम्तिमा **महिनाको एकपटक मोडल टेस्ट** (**Mock Test**) सञ्चालन गरी नतिजा सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद ४ (चार)

## अतिरिक्त कक्षा सञ्चालन रकम प्राप्त गर्ने मापदण्ड

६) **सामुदायिक माध्यमिक विद्यालयलाई प्रदान गरिने अतिरिक्त कक्षा सञ्चालन रकम**

क) नगरपालिकाक्षेत्रभित्रका सामूदायिक माध्यमिक विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गरे वापतको रकम नगरपालिकाले विनियोजन गरेको बजेट सीमाभित्र रहि नगरशिक्षा समितिले तोकिए बमोजिम प्रदान गरिनेछ ।

## परिच्छेद - ५ (पाँच)

## संशोधन, बचाउ र खारेजी

७. **संशोधन, बचाउ र खारेजी :**

क) यो मापदण्ड संसोधन वा खारेज गर्न आवश्यक देखेमा आवश्यकताका आधारमा जुनसुकै बखत नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

ख) यो मापदण्डमा उल्लेख गरिएका कुराहरुको हकमा यस मापदण्ड अनुसार र उल्लेख नभएका हकमा निर्णय गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

# अनुसूची-१

## एस.ई.ई. अतिरिक्त कक्षा सञ्चालन सम्बन्धी लिखित प्रस्तावको ढाचाँ

## एस.ई.ई. अतिरिक्त कक्षा सञ्चालन सम्बन्धी प्रस्ताव

मितिः............................

प्रस्तुत विषयमा, **(विद्यालयको नाम) (वडा नं. ..............)** मा अध्ययनरत यस शैक्षिक सत्र २०८२ का एस.ई.ई. परीक्षार्थी विद्यार्थीहरूको शैक्षिक उपलब्धि अभिवृद्धि गर्न र नगरको शैक्षिक नतिजामा सुधार ल्याउनका लागि एस.ई.ई. लक्षित अतिरिक्त कक्षा (Extra Class) सञ्चालन गर्न आवश्यक देखिएकोले, सोका लागि आवश्यक सहयोग तथा स्वीकृति प्रदान गरिदिनु हुन यो प्रस्ताव पेश गरिएको छ।

**१. कार्यक्रमको औचित्य र आवश्यकता**

**क)**

**ख)**

**२. प्रस्तावित अतिरिक्त कक्षाको विवरण**

| क्र.सं. | विवरण | उल्लेखित जानकारी |
|---|---|---|
| १ | कक्षा | |
| २ | जम्मा विद्यार्थी संख्या | |
| ३ | सञ्चालन हुने मुख्य विषयहरू | |
| ४ | सञ्चालन अवधि | |
| ५ | दैनिक समय तालिका | |

**अध्यापन गर्ने शिक्षकको विवरणः**

**नाम/थरः**

**शैक्षिक योग्यताः**

**विषयः**

**तहः**

**किसिमःस्थायी/अस्थायी/राहत/करार/अन्य**

**३. प्रस्तावित बजेट र सहयोग माग**

अतिरिक्त कक्षा सञ्चालनका लागि विद्यालय आन्तरिक स्रोतको अधिकतम उपयोग गर्न तयार रहेको भए तापनि, नगरको शैक्षिक गुणस्तर सुधारको अभियानलाई सफल पार्न देहाय बमोजिमको क्षेत्रमा नगरपालिकाबाट सहयोगको अपेक्षा गरिएको छ।

| क्र.सं. | खर्चको शीर्षक | परिमाण | प्रति दर (अनुमानित) | जम्मा रकम (ने.रु. मा) |
|---|---|---|---|---|
| १ | शिक्षक पारिश्रमिक | | | |
| २ | नमुना प्रश्नपत्र/नोट्स/ स्टेशनरी | | | |
| ३ | विविध | | | |
| | जम्मा अनुमानित बजेट (क) | | | |
| | नगरपालिकासँग माग गरिएको बजेट (क - ख) | | | |

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय गरिलेरी, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

**४. अपेक्षित नतिजा**

एस.ई.ई.(कक्षा १०) परीक्षामा **(विद्यालयको नाम)** को नतिजा कम्तीमा **......% ले** सुधार हुने।

अतः, सोलुदुधकुण्ड नगरपालिकाको शैक्षिक विकासको नीति र विद्यार्थीहरूको उज्ज्वल भविष्यलाई ध्यानमा राखी, यस प्रस्तावलाई प्राथमिकताका साथ स्वीकृत गरी अतिरिक्त कक्षा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन तथा सहयोग गरिदिनु हुन नगर कार्यपालिका कार्यालय समक्ष हार्दिक अनुरोध गर्दछौं।

| **प्रस्तुत गर्ने** | **सिफारिस गर्ने** |
|---|---|
| **प्रधानाध्यापक** | **विद्यालय व्यवस्थापन समितिका अध्यक्ष** |
| नामः | नामः |
| मितिः | मितिः |
| छाप/दस्तखतः | छाप/दस्तखतः |

टुक्ति शेर्पा
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
टुक्ति शेर्पा
प्रमुख प्रशासकीय अधिकृत

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल